०७५-५२०१०९,५२०९१३,५२०१०९,५२०१२९
info@tansenmun.gov.np
ito.tansenmun@gmail.com

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश, नेपाल

तानसेन, पाल्पा

प.स :- २०८२/०८३
च.न :-

मिति : २०८२।०९।१३

## लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन बारेको सूचना

तानसेन नगरपालिकाबाट चालु आ.व.२०८२/०८३ को वार्षिक नगर विकास योजनामा नगरपालिका क्षेत्रको विकास निर्माणका कार्यहरुमा जनसहभागिता अभिवृद्धि गर्ने उद्देश्यले बजेट विनियोजन गरिएकोमा नगर कार्यपालिकाको मिति २०८२।०८।२६ गतेको निर्णय अनुसार **जनसहभागिता कार्यक्रम** मार्फत संचालन हुने पूर्वाधार विकास योजनाको लागि ५०/५० लागत सहभागितामा उक्त कार्यक्रम कार्यान्वयन गर्न न्यूनतम् ५० प्रतिशत लागत सहभागिता (नगद) मा पूर्वाधार योजना संचालन गर्न इच्छुक उपभोक्ता तथा सरोकारवालाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र योजनाको विस्तृत विवरण खुल्ने कागजातहरु, पचास प्रतिशत लागत (नगद) सहभागिता गर्ने प्रतिवद्धता पत्र र सम्वन्धित वडा कार्यालयको सिफारिस सहित तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाल्पामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**आयोजना संचालनका क्षेत्रहरु :**

१. सडक निर्माण, स्तरबृद्धि तथा मर्मत सम्भार
२. कृषि पूर्वाधार तथा सिंचाई
३. खानेपानी तथा सरसफाई
४. पर्यटन पूर्वाधार विकास

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः** योजना पेश गर्दा जग्गा प्लटिङ्ग जस्ता कार्यमा सहयोग पुग्ने गरी सडक निर्माण गर्ने तथा व्यक्तिगत रुपमा लाभ पुग्ने गरी योजना पेश गर्न नहुने र त्यस्ता योजनाहरु स्वीकृत नहुने व्यहोरा जानकारी गराइन्छ । पर्यटन पूर्वाधार विकासको कार्य गर्दा भवन निर्माण जस्ता स्थायी संरचना बनाउनु पर्ने भएमा जग्गाको स्वामित्व सम्बन्धित संस्था वा समुदायको नाममा अनिवार्य रुपमा भएको हुनु पर्नेछ । साथै ५० प्रतिशत भन्दा बढी लागत सहभागिता गर्ने योजनालाई लागत सहभागिताको आधारमा प्रथम प्राथमिकताका साथ छनोट गरिने छ ।

**चेतनाथ गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner